# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।१०।२० गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

प्रादेशिक अस्पताल सिरहामा मिलेमतोमा कर्मचारी नियुक्ति गरी करारका कर्मचारीलाई ओपीडी लगायतमा महत्वपूर्ण नगद रकम संकलन काउन्टरमा राखी दैनिक संकलन भएको राजस्व रकम, राजस्व खातामा जम्मा नगरी विगत लामो समयदेखि पचास लाखभन्दा बढी रकम हिनामिना गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा प्रादेशिक अस्पताल सिरहामा जम्मा ८ वटा विल काउन्टरहरूबाट सेवा शुल्क संचालन एवं सेवा शुल्क असुली गर्न सफ्टवेयर एवं विलिङ प्रयोगमा ल्याएको देखिएको, उक्त अस्पतालको बिलिङ काउन्टरमा कार्यरत कर्मचारीहरूले आर्थिक वर्ष २०८०।०८१ मा संकलन गरेको रू.३,८७,६६,९७४।८३ जम्मा हुनुपर्ने देखिएकोमा सोही अस्पतालको अभिलेख विवरण अनुसार जम्मा रू.३,४८,८९,२५०।- मात्र दाखिला/संकलन भएको र रू.३८,७७,७२४।८३ हालसम्म दाखिला नगरी नगराई हानि नोक्सानी तथा दुरूपयोग गरे गराएको देखिएको, महालेखापरीक्षकको कार्यालयको प्रतिवेदनमा रू.३८,७७,७२४।८३ कैफियत देखिएको भनी खुलाएकोबाट प्रतिवादीहरूले वदनियत राखी आपसी मिलेमतो तथा योजनामा उक्त रकम हिनामिना हानिनोक्सानी गरेको देखिंदा बिल काउन्टरमा कार्यरत कर्मचारीहरु प्रतिवादी अ.हे.ब. **श्याम कुमार मण्डल**ले बिलिङ्ग सफ्टवेयर अभिलेख अनुसार रू.७०,३७,३४७।०१ आम्दानी गरेको देखिएकोमा बैंक भौचर अनुसारको आम्दानी रकम रू.४४,८९,९३०।- देखिएबाट निजले **रू.२५,४७,४१७।०१** दाखिला नगरेको, प्रतिवादी स.क.अ. **रोशन कुमार यादव**ले बिलिङ्ग सफ्टवेयर अभिलेख अनुसार रू.६७,१९,०४३।३० आम्दानी गरेको देखिएकोमा रू.६५,५४,३८३।६२ दाखिला गरेको देखिएबाट निजले **रू.१,६४,६५९।६८** दाखिला नगरेको, प्रतिवादी स.क.अ. **सरस्वती कुमारी यादव**ले बिलिङ्ग सफ्टवेयर अभिलेख अनुसार रू.५५,१६,५३३।७४ आम्दानी गरेकोमा रू.५०,१३,७२०।—दाखिला गरेको देखिएबाट निजले **रू.५,०२,८१३।७४** दाखिला नगरेको, प्रतिवादी स.क.अ. **अजय कुमार मण्डल**ले बिलिङ्ग सफ्टवेयर अभिलेख अनुसार रू.२८,१६,५९६।५० आम्दानी गरेको देखिएकोमा बैंक भौचर अनुसार रू.२४,३६,७१५।- र फार्मेशी खाता आम्दानी रू.८६०।—दाखिला गरेको देखिएकोबाट निजले **रू.३,७९,०२१।०४** दाखिला नगरेको, प्रतिवादी स.क.अ. **पुजा कुमारी यादव**ले बिलिङ्ग सफ्टवेयर अभिलेख अनुसार रू.५७,१९,३५४।४० संकलन गरेको देखिएकोमा बैंक भौचर अनुरूप रू.५४,३१,१२५।— दाखिला गरेको देखिएबाट निजले **रू.२,८८,२२९।४०** दाखिला नगरेको देखिएकोले प्रादेशिक अस्पताल सिरहाका तत्कालीन प्रमुख डा. नागेन्द्र प्रसाद यादव र डा. सरोज यादव समेतले बिलिङ काउन्टरबाट संकलन भएको रकम कुन कुन कर्मचारीले के कति संकलन गरे सफ्टवेयरबाट नै हेर्न पाउने/सक्ने अधिकार रहेकोमा बदनियत राखी बिलिङ्ग सफ्टवेयर अभिलेख बमोजिमको संकलन हुन आएको रकम र जम्मा गरेको भौचर अनुसारको रकम एक आपसमा नमिलेको भन्ने थाहा जानकारी हुँदाहुँदै अन्य प्रतिवादीहरु सँगको मिलेमतोमा आफ्नो पद तथा ओहदाको दुरूपयोग गरी गराई आफ्नो जिम्मामा रहेको

प्रादेशिक अस्पताल सिरहा/सार्वजनिक सम्पत्ति/रकम जम्मा रू.३८,७७,७२४।८३ (अड्तीस लाख सतहत्तर हजार सात सय चौवीस रूपैयाँ त्रियासी पैसा) हिनामिना, हानिनोक्सानी तथा दुरूपयोग गरे गराएको स्थापित भएकोले निज प्रतिवादीहरूलाई देहायको कसुरमा देहायबमोजिम सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | प्रादेशिक अस्पताल सिरहाका तत्कालीन कार्यालय प्रमुखहरू **डा. नागेन्द्र प्रसाद यादव** र **डा. सरोज यादव** | रू.३८,७७,७२४।८३ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. अड्तीस लाख सतहत्तर हजार सात सय चौबीस रूपैयाँ त्रियासी पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| २. | प्रादेशिक अस्पताल सिरहाका तत्कालीन प्रशासन प्रमुख **अशोक कुमार सिंह** र तत्कालीन लेखा प्रमुख **अशोक कुमार यादव** | जनही रू.३८,७७,७२४।८३ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. अड्तीस लाख सतहत्तर हजार सात सय चौबीस रूपैयाँ त्रियासी पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ३. | प्रादेशिक अस्पताल सिरहा विल काउन्टरमा कार्यरत अ.हे.व. **श्याम कुमार मण्डल** | रू.२५,४७,४१७।०१ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. पच्चीस लाख सडचालीस हजार चार सय सत्र रूपैयाँ एक पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ४. | प्रादेशिक अस्पताल सिरहा विल काउन्टरमा कार्यरत स.क.अ. **पुजा कुमारी यादव** | रू.२,८८,२२९।४० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. दुई लाख आठासी हजार दुई सय उनान्तिस रूपैयाँ चालीस पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो |

| | | | |
|---|---|---|---|
| | | | संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ५. | प्रादेशिक अस्पताल सिरहा विल काउन्टरमा कार्यरत स.क.अ. **सरस्वती कुमारी यादव** | रू.५,०२,८१३।७४ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. पाँच लाख दुई हजार आठ सय तेर्ह रूपैयाँ चौहत्तर पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ङ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ६. | प्रादेशिक अस्पताल सिरहा विल काउन्टरमा कार्यरत स.क.अ. **रोशन कुमार यादव** | रू.१,६४,६५९।६८ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. एक लाख चौसठ्ठी हजार छ सय उनान्साठी रूपैयाँ अठसठ्ठी पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ७. | प्रादेशिक अस्पताल सिरहा विल काउन्टरमा कार्यरत स.क.अ. **अजय कुमार मण्डल** | रू.३,७९,०२१।५० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. तीन लाख उनासी हजार एक्काइस रूपैयाँ पचास पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ८. | प्रादेशिक अस्पताल सिरहाका तत्कालीन लेखा प्रमुख रत्न प्रसाद मण्डलको श्रीमती **मुस्कान कुमारी मण्डल** | **रू.३८,७७,७२४।८३** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. अड्तीस लाख सतहत्तर हजार सात सय चौबीस रूपैयाँ त्रियासी पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम |

| | | | |
|---|---|---|---|
| | | | बिगो असूल उपर हुन मागदाबी लिनुपर्ने देखिएतापनि निज रत्न प्रसाद मण्डलको मृत्यु भएको मृत्यु दर्ता प्रमाणपत्रबाट देखिएकोले फौजदारी न्यायको मान्य सिद्धान्त बमोजिम निज उपर फौजदारी कसुरमा कैदको सजाय माग दावी लिनुपर्ने अवस्था नरहेता पनि निज उपर मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा १३३ को उपदफा (२), सोही संहिताको दफा १५८ को उपदफा (२), अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९क. र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ बमोजिम मृत्यु भएको प्रतिवादीको हकमा समेत मुद्दा चलाउन र सरकारी वा निजी बिगो, क्षतिपूर्ति वा रकम भराउन सकिने कानुनी व्यवस्था रहेकोले प्रतिवादी रत्न प्रसाद मण्डलले जीवित हुँदा माथि उल्लेखित कसुर गरी नेपाल सरकार/सार्वजनिक संस्थालाई हानि पुऱ्याएको बिगो रू. अड्तीस लाख सतहत्तर हजार सात सय चौबीस रूपैयाँ त्रियासी पैसा मात्र निजको हक खाने निजको श्रीमती मुस्कान कुमारी मण्डलबाट असुल उपर हुन मागदाबी लिई निजलाई बिगो असुल उपर गर्ने प्रयोजनार्थ मात्र प्रतिवादी कायम गरिएको। |

प्रवक्ता
सुरेश न्यौपाने